## हरिपुर नगरपालिकाको प्रथम नगरसभाबाट पारित नीति तथा कार्यक्रम सार्वजनिकीकरण सभामा नगर प्रमुख श्री जमिरुदिन मंसुर द्वारा प्रस्तुत

प्रमुख अतिथि प्रतिनिधी सभा संसद सदस्य माननीय श्री प्रमोद शाहज्यू ।
विशेष अतिथि निवर्तमान ब्यबस्थापिका संसद सदस्य श्री रामचन्द्र चौधरी ज्यू ।
विशेष अतिथि निवर्तमान ब्यबस्थापिका संसद सदस्य श्री रञ्जना सरकार ज्यू ।
अतिथि सर्लाही जिल्ला समन्वय समिति सभापती श्री मिथुर चौधरीज्यू ।
अतिथि प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवाल ज्यू ।
अतिथि हरिवन नगरपालिका प्रमुख श्री गणेश प्रसाद प्रसाइज्यू ।
अतिथि लालबन्दी नगरपालिका प्रमुख श्री मानबहादुर खड्काज्यू ।
अतिथि इश्वरपुर नगरपालिका प्रमुख श्री मनोज देवकोटाज्यू ।
अतिथि हरिवन, लालबन्दी, इश्वरपुर नगरपालिका उप-प्रमुखज्यूहरु
अतिथि जिल्ला प्रहरी कार्यालय प्रमुख ज्यू ।
अतिथि शसस्त्र प्रहरीबल जिल्ला प्रमुख ज्यू ।
अतिथि नेपाली सेना पृतना प्रतिनिधी ज्यू ।

र हरिपुर नगर क्षेत्रमा कृयाशिल राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यू हरु र हरिपुर नगरपालिकाको निमन्त्रणलाइ स्वीकारगरि यस ऐतिहासिक सभामा नगरपालिकाको श्रीबृद्धीको कामना गर्दै पाल्नुहुने कार्यलय प्रमुखज्यूहरु, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरु, संचार कर्मीज्यूहरु, उद्योग बाणिज्य संघका प्रमुख तथा प्रतिनिधिज्यूहरु, गैर सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिज्युहरु, नागरिक समाजका प्रतिनिधिज्यूहरु, नागरिक सरोकार मञ्चका प्रमुख तथा प्रतिनिधिज्यूहरु, नगर सभा सदस्यज्यूहरु, पत्रकार मित्रहरु, नागरपालिकाका कर्मचारी साथीहरु तथा रेडियो सर्लाही हरिवन र रेडियो एकता लालबन्दीबाट प्रत्यक्ष प्रशासरण सुनिरहनु भएका आदरणिय नगरबासी दिदि बहिनी तथा दाजुभाइहरु ।

हरिपुर नगरपालिकाको आ.ब. २०७४/२०७५ को प्रस्तावित राजश्व, नीति तथा कार्यक्रमहरुको सार्वजनिकिकरण कार्यक्रममा उपस्थित भै दिनु भएकोमा हरिपुर नगरपालिका परिवारको तर्फबाट र मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिबादन ब्यक्त गर्न चाहन्छु ।

**आदरणीय उपस्थित प्राज्ञ, समाजसेवी, बुद्दिजीवी लगायत सम्पुर्ण नगरवासी महानुभावहरु,**

हाम्रो सुन्दर हरिपुर नगरीलाई आसपासका पांच गा.वि.स. समेटी घोषित हरिपुर नगरपालिकाको प्रथम नगर सभाबाट पारित यो सम्मानित सभामा यहाँहरु सामु नगरपालिकाको बार्षिक नीति कार्यक्रम तथा आय ब्यय प्रस्तुत गर्न पाउदा सिङ्गो नगरपालिका परिवारले गौरबान्दित महसुस गरेका छौं । यस क्षणमा बिधिको शासन, संवैधानीक सर्वोच्चता, मानव अधिकार र प्रजातान्त्रीक शासन ब्यवस्थाको लागि ऐतिहासिक काल खण्ड देखी प्रजातान्त्रिक आन्दोलन हुदै लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ सहादत्त प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

नवघोसित यस हरिपुर नगरपालिकाको जनशक्ति र स्रोतसाधनको ब्यवस्थापन नभइ सकेको कठिन परिस्थितीमा वडा बासी तथा नगरबासीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, वडा कार्य समिति लगायत सरोकारवाला संध संस्थाहरु र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गठित नगर कार्यपालिका भित्रका समितिहरु संगको चरणबद्ध छलफल, अन्तरकृया मन्त्रालयबाट हामिलाइ प्राप्त अख्तियारी, बजेट र मार्ग दर्शन बमोजिम यो नीति, कार्यक्रम तथा बजेट तयार गरेको छु ।

विगतमा दिर्घकालिन दृष्टिकोण सहितको उत्तरदायी नेतृत्वको रिक्तताले संस्थागत बिकास हुन नसकी लामोसमयदेखी कहिले कर्मचारीद्वारा त कहिले स्थानीय स्तरमा क्रियाशिल राजनीतिक दलका प्रतिनिधिहरुको सल्लाह र सुझावमा कार्य संचालनहुँदै आएकोले यस हरिपुर नगरपालिका क्षेत्र भौगोलीक, सामुदायिक, साँस्कृतिक एवम प्राकृतिक बिबिधता जस्ता सम्भावनायुक्त निधिहरु प्रचुर मात्रामा रहंदा रहंदै पनि ब्यावसायिक तथा औद्योगिक क्रियाकलाप आशातीत रुपमा सञ्चालनहुन नसक्नु स्वभाविकै थियो । आधुनिक ब्यवसायिक कृषि प्रणाली तर्फ समन्वयात्मक अभ्यास हुन नसक्नु , बसाइ सराइको दर उच्च रहनु , आन्तरिक आय बृद्धीमा श्रोत पहिचान तथा दायरा फराकिलो बनाउने सम्बन्धमा प्रयासै नगरिएको ब्यहोरा हामी सबैलाइ अवगत नै छ । यस कठिन परिस्थितीमा नेपाल सरकारको मिति २०७३ साल फाल्गुण २७ गते को निर्णयानुसार स्थापित यस नगरपालिकाको

निर्वाचनको माध्यमबाट सार्वाङ्गीण विकास, श्रीबृद्धी र संबृद्धीको लागि नगरबासीको अटुट मायां, विश्वास र भरोसाका साथ हामिलाइ सुम्पिनुभएको जिम्मेवारी पुरागर्ने सामुहीक प्रतिवद्धता व्यक्त गर्दछौं ।

नगर क्षेत्रको समावेशी विकासका लागि सम्पूर्ण जाति, लिङ्ग, बर्ग, धर्म, समुदाय र क्षेत्रका अवाज र मागलाइ सम्बोधन गर्न उपलब्ध साधन श्रोत र माग पक्षको तालमेल हुन नसके तापनि सामुदायीक संघ संस्था, नागरिक समाज, विकास साझेदार लगायतको परिचालनबाट घोसित नीति कार्यक्रम र योजना कार्यन्वयन प्रभावकारी हुन गई अपेक्षित उपलब्धी हासिल हुने छ भन्ने अपेक्षा लिएको छु ।

आगामी आ.ब.को लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा स्वच्छ सफा र सुरक्षित नगरका लागि आधारभूत तथा रणनीतिक पूर्वाधारहरुको आवधिक र योजनाबद्ध विकास त्यसको लागि आन्तरिक तथा बाह्य श्रोत परिचालन गरी महिला, बालबालिका, दलित, आदिवासी जनजाती अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा आर्थिक तथा सामाजिक रुपले पिछडि परेका वर्ग जस्ता लक्षित क्षेत्रको समावेशी विकास, आर्थिक विकासका लागि गरिवी नक्साङ्कन गरि शिप विकास, स्वरोजगार तथा बिभिन्न गतिविधिहरु र जनसहभागिता अभिबृद्धि गर्ने जस्ता क्षेत्रहरुलाइ प्राथमिकतमा राखिएको व्यहोरा जानकारी गराउदछु ।

नगरको सम्बृद्धि र आत्मनिर्भरता बढाउन सबै नगरबासी एवं तह तप्काबाट सक्रिय एवं रचनात्मक भूमिका रहने र सम्बद्ध उपभोक्ताहरुबाट लागत सहभागितामा कार्यक्रम कार्यन्वयन गुणस्तरिय हुने नै छ भन्ने आशा एवं विश्वास लिएको छु ।

**आदरणीय माहानुभावहरु,**

अर्थिक बर्ष २०७४/०७५ मा हरिपुर नगरपालिकाले लिने नीति तथा कार्यक्रमहरुबाट देहायका पक्षहरुलाइ मूल रुपमा समेटिएको व्यहोरा अवगत गराउंन चाहन्छु ।

**<u>पूर्वाधार तथा भौतिक विकास सम्बन्धी नीति</u>** :-

१. पूर्वाधार विकास कार्यमा जनपरिचालन र लागत जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

२. अधुरा तथा क्रमागत योजनाहरुलाई पूर्णता दिन प्रयास गरिने छ ।

३. पूर्वाधार निर्माण गर्दा महिला मैत्री, बाल मैत्री तथा अपाङ्ग मैत्री नीति अवलम्बन गरिने छ ।

४. नगरपालिकाको भौगोलिक सूचना प्रणाली GIS लाई अध्यावधिक गर्ने कार्य शुरु गरी योजना तर्जुमा, कार्यन्वयन र राजश्व परिचालनमा सहजता ल्याइने छ ।

५. उपभोक्ता समिति मार्फत् संचालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दीर्घकाल सम्म आयोजना संचालन व्यवस्थापन र मर्मत सम्भारमा स्वयं उपभोक्ताहरुलाई नै जिम्मेवार बनाउने नीति अवलम्बन गरिने छ ।

६. भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उप-प्रमुख समन्धीत वडाध्यक्ष समेतको नेतृत्वमा नगरस्तरीय अनुगमन समिति गठन गरिएको छ जसको माध्यमबाट उपभोक्ता समितिको ससक्तिकरण र गणस्तर कायममा थप प्रभाकारी बनाइने छ ।

७. नगर क्षेत्रको व्यवस्थित विकास गर्न सम्भावनाहरुको खोजी र उपयोग गरि नगरको संबृद्धि र सम्मानलाई टेवा पुऱ्याउन नगर पार्श्व चित्र (Municipal Profile) निर्माण गरी रणनीतिक सडक, शहरी सडक र अन्य सडक संजालको विकास गर्न सवारी तथा यातायात व्यवस्थापन गर्न नगर यातायात गूरु योजना (Municipal Transport Master Plan MTMP), खानेपानी तथा ढल निकास गुरुयोजना तर्जुमागरि चणबद्ध रुपमा आगामी आ.ब.देखी क्रमशः कार्यन्वयनमा ल्याइने छ ।

८. यस नगरपालिकाको भूगोललाइ समेट्ने गरी चरण बद्धरुपमा रिङरोड निर्माण कार्यलाइ यसै आ.ब. देखी अगाडी बढाइने छ ।

९. .हरिपुर नगरपालिका वडा नं. २ हाटबजार क्षेत्र, वडा नं. ५ मुजुरबा बजार क्षेत्र, लक्ष्मीपुर बजारक्षेत्र जानकीनगर हाटबजारक्षेत्रको विस्तृत प्राजेक्ट रिपोर्ट (DPR) तयार गरि सोहिबमोजिम क्रमशः बजार विकास गर्दैजाने र पिडारी र फरहदवा को बजारकोलागि जग्गा व्यवस्थापन गरिने छ ।

१०. हरिपुर नगरपालिकाको नयां भवन, वडा नं. ७, ८, ५ र ४ का वडा भवन निर्माण गर्न आवश्यक जग्गा व्यावस्थापन गरिने छ ।

११. हरिपुर नगरपालिका को भू-भाग लखनदेही, झिम जस्ता खोला तथा नदीहरुको कटानलाई ध्यानमा राखी अति जोखिमपूर्ण स्थानहरुमा तटबन्धको लागि भू-संरक्षण विभाग र जनताको तटबन्ध कार्यक्रम संग समन्वय तथा पहल गरिने छ ।

१२.हरिपुर नगरपालिका वडा नं. २ को उपयुक्त स्थानमा लखनदेही नदीमा पूल निर्माणका लागि यसै आ.ब.मा (DPR) तयारगरि झोलुङ्गे पुल निर्माणको लागि आवश्यक कार्यक्रम अगाडी बढाइने छ ।

१३. बस्ती भित्रका गल्लीहरु र आर्थिक सामाजिकरुपले पछी परेका बर्गको बस्ती भित्रका गल्लीहरुलाइ पक्की ढलान गर्ने कार्यलाइ नगरपालिकाबाट प्राथमिकता दिइने छ ।

१४. नगरपालिकामा रहेको मौजुदा प्राविधिक तथा प्रशासनिक जनसक्तीलाइ मध्यनजर गरी नगरपालिकाबाट संचालनहुने भौतिक निर्माण समन्धी योजनाहरु मध्ये पाँचलाख रुपैया भन्दा बढी लागतका योजनाहरु गुणस्तर कायम गर्न र न्यूनतम लागतमा सम्पन्न गर्न खुल्ला प्रतिस्पर्धाद्वारा कार्यन्वयनगर्ने नीति अबलम्बन गरिने छ ।

१५. बिपन्न बर्गका नागरिकहरुको बस्ती क्षेत्रका सडक गल्लीहरुलाइ प्राथमिकताकासाथ पक्की ढलान तथा पिच गर्ने कार्यलाइ प्राथमिकतामा राखेको छु ।

**आदरणीय माहानुभावहरु,**

**राजश्व परिचालन एवं अभिबृद्धि समन्धी नीतिहरुः-**

१. श्रोत ब्यवस्थापनलाइ बैज्ञानिक, यथार्थ परक र व्यवस्थित गर्न कम्प्युटरीकृत (Computer Software) को प्रयोगबाट Database का आधारमा कर शुल्क संकलन कार्यलाइ प्रभाकारी बनाइने छ ।

२. करको दर भन्दा दायरा बृद्धिगर्ने नीति बनाइ श्रोत ब्यवस्थापनलाई समता मुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई नगरपालिकाको राजश्वका थप क्षेत्रहरुको पहिचान गर्दै संकलन तथा ब्यवस्थापनमा निजी क्षेत्रसंगको सहकार्य, राजश्व सम्बन्धी सूचना तथा तथ्यांकको बैज्ञानिक अभिलेखिकरण गर्ने, करदाता परिचयपत्र जारी गर्ने, अग्रिमकर बिजक जारी गर्ने बक्यौता कर तथा शुल्क संकलनकालागी बिशेष अभियान संचालन गरिने छ ।

३. करदाताहरुलाइ कर तिर्न प्रोत्साहित गर्न नगरपालिकाका विभिन्न क्षेत्रमा विविध कार्यक्रम सहित उद्योग बाणिज्य संघ संगको सहकार्यमा कर सचेतना कार्य सञ्चालन गरिने छ ।

४. एकिकृत सम्पत्तिकर तथा अन्य कर राजश्वलाई ब्यवस्थित एवं प्रभावकारी बनाउन करदाताहरुको तथ्यांक अद्यावधिक गर्न मालपोत तथा नापी कार्यालय जस्ता निकायहरुसंग समन्वय गरी घर तथा जग्गाको लगत कायम गरिने छ ।

५. एकिकृत सम्पत्तिकरलाई ब्यवस्थित गर्न जग्गा मूल्यांकनको सम्बन्धमा मालपोत कार्यालयले रजिष्ट्रेसन पास प्रयोजनकोलागि कायम गरेको न्यूनतम मूल्यलाइ आधारमान्ने र भौतिक संरचनाको मूयांकनका सम्बन्धमा घरजग्गा कर लगाउने संदर्भमा आवश्यकता अनुसार प्राविधक मूयांकनलाइ आधार बनाइ एकिकृत सम्पत्तिकर मूल्यांक गरी कर निर्धारण तथा संकलन गरिन छ । एकिकृत संप्पत्तिकर २०७५ साल श्रावण १ गते देखी लागु हुने छ ।

६. एकिकृत सम्पत्तिकर कर बुझाउने कुनै करदाताले आफ्नो नाममा रहेको सम्पत्ति लुकाइ वा खण्डीकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ति मूल्यांकन गराई कर तिरेको प्रमाणीत भएमा बास्तविक सम्पत्तिको मूल्यांकनबाट लाग्ने कर रकममा साविकमा बुझाएको रकम घटाइ बांकी रहने रकममा २५ प्रतिशतले हुने थप रकम जरिवाना गरी असुल गरिने छ । सम्पत्तिको मूल्यांकन गर्दा निजको स्वामित्वमा प्राप्त भएको मिति र एकिकृत सम्पत्ति कर लागूभएको बर्ष दुवै तथ्यलाई ध्यानमा राखी गणना गरिने छ ।

७. मनोरञ्जन करको हकमा आगामी फाल्गुण १ देखी केवल नेटवर्क Dish Home जस्ता मनोरञ्जनात्मक सेवा प्रदायकहरुलाइ कूल ग्रहक संख्याको आधारमा मनोरञ्जनकरको दायरामा समेटिने छ ।

८. सौर्य उर्जामा आधारित सडकबत्ती सेवा प्रवर्धन गर्न सोलार पोलमा निजी क्षेत्रको सहकार्यमा ब्यावसायिक विज्ञापन प्रवर्धन गरि यसबाट परिचालनहुने राजश्व सडकबत्ती सेवाको नियमित मर्मत संहार गर्ने काममा परिचालन गरिने छ ।

९. नगरपालिकाद्वारा तोकिएको आश्विन मसान्त भित्रै एकिकृत सम्पत्तिकर, पेशा ब्यवसायकर र घर बहालकर अग्रिमरुपमा बुझाउने करदाताहरुलाइ लाग्ने करमा १० प्रतिशत छुट दिइने छ । चालु आ.ब.को फाल्गुण १ गते देखी आषाढ मसान्तसम्म नगर सभाले तोकेको दर बमोजिम मालपोत तथा भूमीकर असुल उपर गरिने छ । कर नबुझाई बक्यौता कायम हुन आएमा बक्यौता कायमहुन आएको पहिलो बर्ष १० प्रतिशत र त्यसपछिका प्रत्येक बर्षहरुका थप २५ प्रतिशतका दरले विलम्ब शुल्क जोडी बक्यौता समेत असुल उपर गरिने छ ।

१०. गरिवी नक्साङकनबाट बिपन्न ठहर भएका नागरिकहरु अपाङ्ग असहाय, अशक्त, दैविप्रकोप पीडित, द्वन्द्व पीडित, जेष्ठ नागरिक (दलित ६० बर्ष र अन्य ७० बर्ष माथिका) हरुको शिफारिस निःशुल्क गरिने छ ।

११. राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाउन नगरबासीहरुलाई सेवा सुविधा उपलब्ध गराउंदा नगरपालिकामा भुक्तान गर्नु पर्ने कुनै कर शुल्क दस्तुर बांकी नरहेको आधारमा सेवा सुविधा उपलब्ध गराउने नीति अवलम्बन गरिने छ ।

१२. सम्पूर्ण करदातालाई स्वःस्फुर्त रुपमा करको दायरामा ल्याई आफूले तिरेको करको उचित उपयोग भएको छ भन्ने अनुभूति दिलाइने छ । नगरपालिकालाइ नियमित र बढी कर तिर्ने करदातालाई सम्मानित गर्ने नीति अवलम्बन गरिने छ ।

१३.उपभोक्ता समितिबाट संचालन गरिने निर्माण कार्यमा नगरपालिकाको स्वामित्वमा रहेका र स्वामित्वमा आउने टीपर, ब्याक हो लोडर जस्ता यान्त्रिक साधन नै अनिवार्य प्रयोग गर्नुपर्ने नीति अवलम्बन गरी उक्त साधन प्रयोग बापत प्राप्त भाडाबाट थप आन्तरिक स्रोत संकलन गरिने छ ।

१४. नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीको आफ्नो घर बहालमा दिएको भए बहालकर, ब्यवसाय गरेको भए ब्यवसाय कर र एकिकृत सम्पत्ति कर समयमै बुझाउन अनिवार्य गरिने छ ।

१५. नगर स्तरिय उद्योग बाणिज्य संघ संग समन्व गरी ब्यबसायकर असुलीलाई थप प्रभावकारी बनाइने छ ।

१६. खाली पर्ती, सरकारी तथा नगरपालिकाको स्वामित्वमा रहेका जग्गाहरु हजारौं विघा देखिएको छ उक्त जग्गाको उपयोग गर्दै आन्तरिक आयश्रोत बृद्धी गर्न नेपाल सरकार, मत्स्य विकास आयोजना, बालाजु काठमाडौ संग समन्वयगरि उक्त जग्गामा अभियानकोरुपमा पोखरी निर्माण गरि नं. २ प्रदेशकै मत्स्य हव निर्माण गर्ने कार्यलाइ प्रथमिकताकासाथ संचालन गरिने छ ।

**आदरणीय माहानुभावहरु,**

**<u>सुशासन प्रवर्धन एवं संगठन विकास सम्बन्धी नीतिहरुः-</u>**

१. नगरपालिकाबाट प्रदान गरिने सेवाहरु असहाय अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिकलाई सेवामा अग्राधिकार प्रदान गर्ने नीति अवलम्बन गरिने छ ।

२. पारदर्शिता एवं सुशासनका लागि नगरपालिका संग सम्बन्धीत सूचनाहरुलाइ विद्युतिय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकिकरण गर्ने कार्यलाइ थप प्रभावकारी बनाइने छ ।

३. कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनलाइ थप प्रभावकारी बनाई दण्ड र पुरस्कारको नीतिलाइ ब्यवस्थित गरिने छ ।

४. सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षणका माध्यमबाट सुशासन पारदर्शिता र जवाफदेहितामा अभिबृद्धि गराउन सवै आयोजना कार्यक्रमहरुमा उल्लेखित विधिको प्रयोग गरिने छ ।

५. सेवा प्रवाह सुब्यबस्थितगर्दै वडा कार्यालयहरुलाइ नेट वर्किङ गरि घटना दर्ता तथा समाजिक सुरक्षा जस्ता कार्यलाइ अनिवार्य Online गरिनेछ ।

६. जेष्ठ नागरिक, एकल महिला तथा फरक क्षमता भएका सामजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको पायक पर्ने बैंकमा बचत खाता खोली भत्ता बैक मार्फत् वितरण गरिने छ ।

७. कर्मचारीको संख्या नपुग भइ सेवा प्रबाहमा कठिनाइ भइरहेको हुंदा नेपाल सरकार, प्रदेश सरकारबाट कर्मचारी सरुवा भइ नगरपालिकामा नआए सम्म वा वढीमा २०७५ साल आषाढ मसान्त सम्मकोलागि नगरपालिकाका विभिन्न वडामा कार्यरत नगरपालिकाले छनौटमा परेका सामाजिक परिचालकहरुलाई सोही पद र स्केलमा आवश्यक वडाहरुमा काममा लगाइने छ ।

८. आवस्यक दर्वन्दी बमोजिम नेपाल सरकारबाट कर्मचारीको ब्यवस्था नभए सम्मकोलागि फिल्ड भत्ता, स्थानीय भत्ता तथा ओभरटाइम भत्ता नपाउनेगरि उपलब्ध कर्मचारीबाटै नगरपालिकाको कार्यसम्पन गर्न गराउन उपलब्ध श्रोत, साधन तथा विनियोजको आधारमा प्रोत्साहन भत्ता प्रदान गरिने छ ।

**आदरणीय माहानुभावहरु,**

**<u>सामाजिक विकास तर्फ अवलम्बन गरिने नीतिहरु</u>** :-

१ विकास आयोजनाहरुको संचालनमा महिलालाइ अनिवार्य सहभागी गराउने नीति अवलम्न गरिने छ ।

२. बित्पन्न बर्गका नागरिकहरुलाइ न.पा.को तर्फबाट निशुल्क स्वास्थ्य बिमा कार्यक्रम संचालन गरिने छ ।

२. महिला बालबालिका तथा अन्य लक्षित बर्गलाई प्रत्यक्ष फाइदा पुग्ने खालका आयोजनाहरुलाइ प्राथमिकतामा राखी कार्यन्वयन गरिने छ ।

३. सामुदायीक विद्यालयहरु मध्ये आगामी शैक्षिक शत्रमा पाँच वटा विद्यालय र बाँकी विद्यालयहरुमा क्रमश अंग्रेजी माध्यमबाट प्राथमिक शिक्षा प्रदान गर्ने ब्यवस्था मिलाइने छ ।

४. नगरपालिकाबाट सामुदायीक विद्यालयमा गरिने लागानीलाई विद्यालयको शैक्षिक गुणस्तरको सुनिश्चितता लाइ आधार बनाउने नीति अवलम्बन गरिने छ ।

५. प्राथमिक शिक्षालाई गुणस्तरीय बनाउन आवश्यक संख्यामा शिक्षक शिक्षिकालाइ मन्टेश्वरी तालिम लागत सहभागितामा संचालन गरिने छ ।

६. नगर क्षेत्रको बालबालिकाको समग्र बस्तुस्थिति विश्लेषण सहित प्रोफाइल तयार गरी बालमैत्री स्थानीय शासन प्रारुप अनुसारको सूचक हासिलगर्न विकास साझेदारवीच समन्वयात्मक कार्यक्रमहरु तर्जूमागरी कार्यान्वयन गरिने छ ।

७. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र कार्यन्वयन रणनीति २०६८ अनुरुप यस नगरपालिकालाइ बालमैत्री नगर निर्माण गर्नकालागि क्रमशः नमुना वडाको अवधारणा बिकास गरी सरोकारवाला संघसंस्थाहरु संगको सहकार्यमा बालमैत्री स्थानीय शासन प्रवर्धन कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिने छ ।

८. नगरलाइ पूर्ण साक्षर नगर बनाउन सम्बन्धित सारोकारवाला निकायहरुसंग सहकार्य र समन्वयमा पहल गरिने छ ।

९.साहित्य काला र संस्कृतिको संरक्षण, प्रवर्धन तथा विकासका लागि सम्बन्धित सरोकारवालाहरुसंग सहकार्य गरिने छ ।

१०.समुदायमा आधारित टोल विकास संस्थाहरु निर्माण गरि सहयोगी संघ संस्थाहरुको सशक्तिकरण गरी स्वाबलम्बी विकासको अवधारणालाई बढवा दिइने छ ।

११. नगर दलित उत्थान संजाल, आदिवासी जनजाती समन्वय समिति, अपांग समन्वय समिति जस्ता नगर स्तरीय समन्वय समिति र संजालहरुको क्षमता विकास एवं शसक्तिकरण गरी आर्थिक सामाजिक रुपले पछीपरेका वर्गको विकास र उत्थानमा ती समितिहरुको मूमिकालाई प्रभावकारी बनाइने छ ।

१२. स्थानीय तहका विवादहरु वडास्तरमा नै समाधानका लागि बैकल्पिक ब्यवस्थापनको रुपमा संचालनमा आएको मेलमिलाप कार्यक्रमलाई थप अन्य वडामा समेत प्रभावकारी बनाइने छ ।

**आदरणीय माहानुभावहरु,**

**बन बातावरण तथा सरसफाई नीतिः-**

१. बातावरणमैत्री स्थानीय सरकार (EFLG) अवधारणा अनुरुप नेपाल सरकारले जारी गरेको Frameworks का परिसुचकहरुलाइ नगरपालिकामा लागु गर्न, बातावरण मैत्री हरिपुर नगरपालिका बनाउने क्रियाकलाप कार्यन्वयन गरिने छ ।
२. वडा नं.७ चितायन क्षेत्रमा चिल्ड्रेन पार्क, पौडी पोखरी निर्माण गरि पर्यटकीय क्षेत्रको रुपमा क्रमशः विकास गर्दै लगिने छ ।
३. हरिपुर नगरपालिकालाइ हरित नगरपालिकाको रुपमा विकासगर्न सार्वजनीक ऐलानी, पर्ती जग्गाहरु यकिनगरि बृक्षारोपण तथा संरक्षण गरिने छ ।

४. सडक मापदण्ड पुराभएका सडकका दुवै साइडमा अभियानको रुपमा बृक्षरोपण कार्यक्रम संचालन गरि बातावरण संरक्षण कार्य संचालन गरिने छ भने सडक आयोजना संचालन गर्दा सडकको दुवै किनारामा बृक्षरोपण कार्यलाई आयोजनाको अनिवार्य शर्तकोरुपमा एकिकृत गरी कार्यन्वयन गरिने छ ।

५. हरिपुर नगरपालिका क्षेत्रको उपयुक्त स्थानमा आधुनिक नर्सरी स्थापनागरी नगर क्षेत्रलाइ आवश्यक बोट विरुवा उत्पादन गर्ने र बिक्रीबाट आन्तरिक आय अभिवृद्धि गरिने छ ।
६. यस हरिपुर नगरपालिका क्षेत्र भित्रका सामुदायीक विद्यालय, कार्यालय, सार्वजनिक स्थलमा प्लाष्टिक झोला र प्लाष्टिक चियाकप क्रमशः निषेध निषेधित गर्दै लगिने छ ।
७. नगरपालिकाले फोहर संकलन सेवालाइ यसै वर्षदेखी संचालनगरि फोहोर ब्यबस्थापन गर्न ल्याण्ड फिल्ड साईटको ब्यवस्थापन गरिने छ ।
८. सफा हरित र उज्यालो शहरको अवधारणालाइ मध्यनजर गर्दै सौर्य सडकबत्ती जडान कार्यलाइ लागत सहभागिता लाइ प्रोत्साहन गर्दै नेपाल सरकार बैकल्पिक उर्जा प्रवर्धन केन्द्र संग समन्वयगरि मूख्य सडक तथा चोक हरुमा क्रमशः जडान गर्दै लगिने छ ।

९. खुल्ला दिशाामूक्त क्षेत्र घोषणा बाँकी वडाहरुमा अभियान संचालनगरि यही माघ मसान्त भित्रै घोषणा गरिने छ ।

**आदरणीय माहानुभावहरु,**

अब म उपरोक्त नीति, कार्यक्रम कार्यन्वयनका लागि यहांहरुसमक्ष हरिपुर नगरपालिकाको २०७४/०७५ को प्रस्तवित अनुमान संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यो हरिपुर नव घोसितगत नगरपालिका भएको कारणले आ.व २०७३/०७४ मा नेपाल सरकारबाट नगरपालिका कार्यन्वयन र कार्यालय ब्यवस्थापन कार्यकोलागि रु. एक कडोर अनुदान प्राप्त रकम र साविक

गाविसहरुको  कार्यन्वयन हुनबाँकी रकम समेतगरि  २०७४ साल श्रावण १ गते चालु बर्षमा मौज्दात ७९,५१,१७०।- आम्दानी बाँधिएको छ ।

चालु आ.व. ०७४।०७५ मा कुल आय ३३७३७०१७०।-  रुपैंया आम्दानी हुने अनुमान पेश गरेको छु । नगरपालिका वित्तिय समनीकरण अनुदान तर्फ रु २०,३६,४१,०००।-  छ भने एल.जि.सि.डि.पि.  तर्फ रु १० लाख ६० हजार र आन्तरिक स्रोत तर्फ रु  ४३,९६,०००।- र ससर्त अनुदान तर्फ रु. ७,४१,८९,०००।- , सामाजिक सुरक्षा तर्फ रु. ४,६१,३३,०००।- आम्दानी प्राप्तहुने अनुमान गरिएको छ  । आन्तरिक स्रोत तर्फ तिन तहको निर्वाचन तथा नगर सभाबाट दररेट कायम भइ नसकेको कारणले नगन्यमात्रमा आम्दानी रहेको ब्यहोरा यो सम्मानित शभा समक्ष निवेदन गर्दछु ।

नयां **नगर**पालिका भएकोले सरकारी तथा विभिन्न दातृ निकायसंग द्धिपक्षीय सम्झौता गरी रापष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा थप बजेट तथा कार्यक्रम प्राप्त गर्न पहल गरिनेगरि प्रस्ताव गरेको छु । कन्टिजेन्सी वापतको रकम घटाई वाकी रहन गएको बजेट ३२,९१,६०,६०५।- स्थानीय सरकारसंचालन ऐन २०७४ बमोजिम विषयगत कार्यालयबाट हुने कार्यक्रम र वस्ती स्तरदेखी नै माग भइ आएका योजना तथा कार्यक्रमहरु र पूर्वाधार विकासका अन्य कार्यहरु संचालन गर्ने व्यवस्था मिलाईएको छ । यसैगरी यस क्षेत्रमा रहेका अधिकांश शिक्षण संस्थाहरु, स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकास, र वालवालिकाको हितमा हुने अन्य क्रियाकलापको लागि समेत प्रस्तावित गरेको छु ।

अन्य विपन्न तथा पछाडि पारिएका वर्गको लागि रकम विनियोजन गरी सो बजेटवाट महिला, आदिवासी जनजाति, दलित, अपांग , मूस्लीम , पिछडावर्ग, युवा , सीमान्तकृतको पुर्वाधार विकास, क्षमाता विकास, आर्थिक सीप विकास र संस्थागत विकासको लागि उक्त रकम विनियोजन गरेको छु । अन्य पूर्वाधार विकास, विपन्न दलित वर्गको लागि उनीहरुको लगत संकलन, क्षमता अभिवृद्धि तथा सचेतीकरण लगायतका कार्यक्रम, आर्थिक सामाजिक रुपले पछाडी परेको वर्गहरुको स्वास्थ्य विमा र सामाजिक आर्थिक उत्थान र विकास हुने खालका कार्यक्रमहरु मा रकम विनियोजन गरेको छु ।

सहकारीता को माध्यमबाट कृषिलाइ ब्यवसायिकरण गर्नुपर्ने अपरिहार्यलालाइ मध्यनगर गरि कृषि सहकारी तर्फ १५,००,०००।- रकम विनियोजन गरेको छु ।

वित्तिय समानीकरण र आन्तरिक स्रोतवाट प्राप्त विषयगत कार्यालयको लागि विनियोजन गरी वाकी रहने रकम मध्येबाट नगरपालिकाका रणनीतिक योजनाहरु मध्ये लक्ष्मीपुर रोड देखी पूर्व चौक सम्म पिच नाला निर्माण योजना रु. १,४०,००,०००।- हरैया देखी पिडारी सडक पिच नाला रु. १,२०,००,०००।- , तिलकबहादुर लुम्रेको घरदेखी जानकीनगर वडाकार्यालय कालोपत्रे पिच नाला रु. १,००,००,०००।- क्याम्पस चौक देखी हातिसार हुंदै गौरीशंकर क्लबरोड सम्म पिच नाला रु. १,००,००,०००।- वार्ड नं. २ साइफनबाट सानो जगतपुर जानकी नगर चक्रपथ निर्माण रु. १,००,००,०००।- मलंगवा सडक पूर्व वडाकार्यालय फरहदवा जाने सडक पिच रु. ७५,००,०००।- मदर्सा चोक देखी ५ नंम्बर नावर पिच रु. ४०,००,०००।-, हरैया चौक पूर्व सडक पिच २०,००,०००।- रकम विनियोजन गरेको छु । यसैगरि ससर्त अनुदानबाट प्राप्त रकम र कार्यक्रम बाहेक बित्तिय समानीकरण र आन्तरिक तर्फबाट थप कार्यक्रमकोलागि नगरपालिकाबाट विभिन्न वडामा संचालन गर्नेगरि पशुपंक्षी तर्फ रु. ७ लाख, स्थास्थ्य तर्फ रु. २५९०,०००।-  खेलकुद विकास तर्फ रु. ५ लाख र लक्षित बर्ग तर्फ थप रु. ५ लाख विनियोजन गरेको छु ।

त्यसैगरी, बित्तीय समानीकरण र आन्तरिक श्रोत तर्फबाट कर्मचारीको तलब भत्ता, संचयकोष, कर्मचारी कल्याण कोष, सामाजिक परिचालन अनुदान र कार्यालय संचालन तथा आवश्यक चालु खर्च गर्ने प्रस्ताव गरेको छु ।

अन्त्यमा :- हरिपुर नगरपालिकाको यो प्रथम ऐतिहासिक नगरसभाको तयारी क्रममा दिनरात अहोरात्र खटिनु हुने वडाध्यक्ष ज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु, नगरको सम्बृद्धिको लागि सल्लाह, सुझाव तथा सक्रिय सहभागिता जनाउनुहुने बुद्धिजिबी, नागरिक समाज, संचारकर्मी तथा कर्मचारी साथीहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु । नगर बिकास योजना सार्वजनिकीकरण कार्यक्रममा आफ्नो ब्यस्त समयका बाबजुद पनि उपस्थित भै कार्यक्रमको गौरव बढाइ दिनु भएकोमा माननीय श्री प्रमोद शाहज्यू, निवर्तमान माननीय श्री रामचन्द्र चौधरीज्यू , निवर्तमान माननीय श्री रञ्जना सरकारज्यू, जिल्ला समन्वय समिति प्रमुख श्री मेथुर चौधरीज्यू, प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालज्यू लगायत अतिथिज्यूहरुमा हरिपुर नगरपालिकाको तर्फबाट हार्दिक आभार तथा कृतज्ञता ब्यक्त गर्न चाहन्छु । साथै नगर विकास योजना सफलपार्न सम्पूर्ण नगरबासी महानुभावहरुमा आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्याउनुहुन बिशेष अपिल गर्दछु ।

निर्णय नं. १ चालु आ.व. ०७४।०७५ को यर्थाथ आम्दानी तथा खर्च , चालु आ.व. ०७४।०७५ को अनुमान तथा नीति कार्यक्रम तथा वजेट सरोकारवालाहरु सवैलाई वोलाई तथा स्थानीय सामुदायिक रेडियो हरिवन सर्लाही, सामुदायिक रेडियो एकता लालवन्दी सर्लाहीवाट प्रत्यक्ष प्रसारणको ब्यवस्था मिलाई सवै नगरवासी तथा अतिथिज्यूहरुलाई जानकारी गराउनु भएकोमा प्रमुख ज्यूलाई धन्यवाद दिंदै उक्त वार्षिक नीति, कार्यक्रम तथा वजेटलाई अनुमोदन गर्ने भनि निर्णय गरियो ।

निर्णय नं २ - हरिपुर नगरपालिकाको समग्र विकासको लागि वित्तिय समानिकरणको रुपमा संघबाट प्राप्त अनुदान र आन्तरिक स्रोतको रकमवाट मात्र संभव नहुने भएकाले अन्य विकास साझेदार , दातृ निकाय लगायतका विषयगत मन्त्रालय / कार्यालय र संघ संस्थाहरुलाई सहकार्य र समन्वयका लागि अनुरोध गर्ने र आवश्यकता परेमा ऋण परिचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ३ -नगरपालिका साविक वोर्ड वैठकवाट र कार्यपालिकाबाट हाल सम्म नगरसभाबाट स्वीकृत वा अनुमोदन गराउने गरी भएका सवै निर्णयहरु अनुमोदन गरी ती निर्णहरुवाट भए गरेका सवै कार्यहरु स्वीकृत गरियो ।

निर्णय नं ४- हरिपुर नगरपालिकालाई यहि माघ मसान्त सम्ममा खुला दिशामुक्त क्षेत्र घोषणा गर्ने गरी सरसफाई कार्यत्रमहरुमा हाल सम्म भए गरेका कार्य तथा खर्चहरु अनुमोदन गर्ने नर्णय गरियो ।

निर्णय नं ५- हरिपुर नगरपालिकालाई योजनावद्ध तथा सुब्यवस्थित ढंगवाट संचालन गर्नका लगि वनाइएका तपशिल वमोजिमका विभिन्न ऐन तथा कानूनहरु स्वीकृती गर्ने निर्णय गरियो ।

- नगरसभा संचालन कार्यविधि २०७४
- हरिपुर नगरपालिका आर्थिक ऐन २०७४
- हरिपुर नगरपालिका विनियोजन ऐन २०७४

➢ स्थानीय निर्माण सामाग्री दर-रेट २०७४

निर्णय नं ६- साबिक गाउँविकास समिति वा नगरपालिका घोषणाभइ सकेपछी निर्माण सम्पन्न भइ सकेका तर नक्सापास नगरी बनाएका घर टहराहरुलाइ यसै आ.ब. भित्र नक्सापास/अभिलेखीकरण गरी नियमित गर्न प्रमुख प्रसाशकिय अधिकृतलाइ आदेश दिने निर्णय गरियो ।

निर्णय नं ७- नगरपालिकाले भवन निर्माण, नक्सांङ्कन, भूउपयोग, समेतका आधारमा २०७५ साल बैशाख १ गते देखि नगर क्षेत्रमा भवन निर्माण मापदण्ड र भवन संहीता बनाइ कडाईका साथ लागु गर्ने र नक्सा पास गरिए भन्दा फरक पारी संरचना वनेको नवनेको स्थलगत अनुगमन गरी उचित कारवाही गर्ने ब्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं ८ - समग्र नगरविकास योजना वा आवधिक योजना तथा नगर प्रोफाईल वनाई संघ र प्रदेश सरकारवाट प्राप्त मार्गदर्शन, नीति र कार्यविधि अनुसार मात्र विकास निर्माण कार्यहरु अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं ९- नगरपालिका क्षेत्रको ऐलानी , पर्ति तथा सार्वजनिक एवम नदी उकास जग्गाहरुको खोजी र पहिचान गरी लगत तयार गर्ने , विभिन्न क्षेत्रमा भैरहेको जग्गा अतिक्रमण तत्काल रोकी त्यस प्रकारको जग्गामा नगरपालिकाको स्वीकृति विना वल मिच्याई गरी आफु खुशी वनाईएका घर टहराहरु समेत हटाउन लगाई सार्वजनिक जग्गा खाली गराउने र जरीवाना समेत गरी त्यस्ता ब्यक्तिहरुलाई अटेर गरिरहंदासम्म नगरपालिकवाट प्रदान गरिने सवै सेवा सुविधमा समेत रोक लगाउने निर्णय गरियो ।

निर्णय नं १० - शहरी सुरक्षा समेतलाई मध्यनजर गरी नगरको नवलपुर मलंगवा सडक खण्ड तथा अन्य प्रमुख सडकहरुमा बैकल्पिक उर्जा प्रवद्धन केन्द्रसंग सहयोग र समन्वय गरी समुदाय समेतको सहभागितामा सोलार तथा अन्य वैकल्पिक उर्जा मार्फत सडक बत्तीको ब्यवस्थापन गर्दै जाने निर्णय गरियो ।

निर्णय नं ११ - नेपाल सरकारवाट स्वीकृत राष्ट्रिय मापदण्ड अनुरुप यस हरिपुर नगरपालिका क्षेत्रमा २०७५ बैशाख १ देखि कालो प्लाष्टिक झोला र प्लाष्टिक चियाकप प्रयोगमा पूर्ण रुपमा वन्देज लगाउने र हाटवजार जांदा सवै नगरवासीले कपडा वा कागजको सुती वा जुटको झोलाहरु प्रयोग गरी वातावरण संरक्षणमा सहयोग पुर्‍याउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १२ - यस नगरपालिका द्वारा आयोजना गरिने विभिन्न तालिम तथा प्रशिक्षण कार्यक्रमहरुमा संलग्न विषय विज्ञ वा सहजकर्ताहरुको प्रति शेसन पारिश्रमिक देहाय वमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

१ रा.प. प्रथम श्रेणी रु ३०००।

२ रा.प. द्धितिय र तृतिय श्रेणी रु २५००।

३ अधिकृत स्तर छैंठौ रु २०००

४ सहायक स्तरको रु १५००।

साथै वाह्य श्रोत ब्यक्ति वा सहजकर्ताको पारिश्रमिक प्राप्त प्रस्तावमाथि विचार गरी नगरपालिकाले तोकेवमोजिम हुनेछ ।

निर्णय नं १३- राजस्व परामर्श समिति वाट सिफारिस भई पारित भएका करका दरवन्दीहरु स्वीकृत गर्ने र परिमार्जन गर्न  आवश्यक भएमा परीमार्जन गरी कर , दस्तुर शुल्कहरुको दररेट कायम गर्न हरिपुर न.पा. कार्यपालिकालाइ अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १४ - नगरपालिकाको सेवा प्रवाह र कर्मचारीसंग सम्वन्धित अन्य आवश्यक निर्देशिकाहरु तथा विनियमहरु वनाई लागु गर्ने र नगरको हित हुने खालका अत्यावश्यक आयोजना वा कार्यक्रमहरु बजेट प्राप्त गरी संचालन गर्न विभिन्न लक्षित वर्गका कार्यक्रमरु निजहरुसंगको छलफल र सहकार्यमा छनौट गरी कार्यान्वयन  गराउन तथा नगरको हित हुने खालका अन्य समसामयिक कार्यक्रमहरु संचालन गर्ने ब्यवस्था मिलाउन हरिपुर नगरपालिका कार्यपालिका वोर्डलाई अधिकार दिने समेत निर्णय गरियो ।

निर्णय नं १५ -सामुदायिक मेलमिलाप कार्यक्रमहरु वडा नं. ५ र ६ मा पूर्ववत रुपमा संचालन गर्ने र अन्य वडाहरुमा क्रमशः विस्तर गर्दैजाने सो कार्यक्रमकोलागि आवश्य रकम विनियोजन गर्ने निर्णय गरियो

निर्णय नं १६  - हरिपुर नगरपालिकाका कर्मचारी हरुको कार्यवोझ अत्याधिक भएको , कार्यलयको काम ब्यवस्थित गर्न सांझ विहान समेत कार्यलयमा तथा फिल्डमा खटिई काम गर्नु पर्ने अवस्था रहकोले नगरपालिका क्षेत्रभित्र फिल्डमा खटिदा थप दैनिक तथा भ्रमण खर्च एवंम फिल्ढ भत्ता नपाउने शर्तमा न.पा तर्फका स्थाइ कर्मचारीलाइ यसै नगरसभा द्वारा विनियोजित रकमबाट सुरु तलब स्केलको निश्चित प्रतिशतका दरले दामासहीले हुन आउने रकम मासिक रुपमा उत्प्रेरणा भत्ता कर्मचारीहरुलाई उपलब्ध गराइ कामकाज गराउने निर्णय गरियो ।

निर्णय नं १७ - साविक गाउँ विकास समितिको विकास निर्माण तथा अन्य कार्यमा विगत वर्षहरुमा गएको पेश्की तथा वेरुजु रकम कडाईका साथ असुल उपर गर्ने र नयां आयोजना वा कार्यक्रमहरुमा उपभोक्ता समितिहरुलाइ शुन्य पेश्की नीति अवलम्बन गर्ने रनिङ्ग विल एवं फाईनल विलको आधारमा मात्र भूक्तानि दिने ब्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं १८ - हरिपुर नगरपालिकाको सडक मापदण्ड नक्सांकन वमोजिम तोकिएको सडक सिमा वमोजिम सडक क्लियर गराउने र सडकका दुवैतर्फ रुख विरुवा रोपी हरियाली वढाई शहरको सौन्दर्य वढाउन सवैले सहयोग गर्ने , कोही कसैले पनि पशु चौपाय छाडा नछाड्ने तथा सडक किनारमा नवांध्ने तथा जथाभावी सडक फोहर नगर्ने यसमा अटेर गर्नेलाई हर्जना भराई उचित जरिवाना गर्ने वा कब्जामा लिई कान्जी हाउसको ब्यवस्था मिलाई लिलाम विक्रि गरी आय श्रोत बृद्धि गर्ने निर्णय भयो ।

निर्णय नं १९ -हरिपुर न.पा.वडा नं. ७ चितायनको वन क्षेत्र नापी नक्साको आधारमा नगर वनको रुपमा विकसित गर्दै उक्त स्थानमा वाल उद्यान समेत निर्माण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्ने र अन्य स्थान पहिचान गरि पर्यटकीय स्थलको विकास गर्ने निर्णय गरियो ।

निर्णय नं २० - हरिपुर नगरपालिकामा करार सेवामा नियूक्ति पाई कार्यरत करार तर्फका कर्मचारीहरुलाई पूर्ववत रुपमा २०७५ साल आषाढ मसान्त सम्म म्याद थप गरी काममा लगाउने र अमिन , सवारी चालक र कार्यालय सहयोगी पदहरु स्थायी पदपूर्ति नहुन्जेल तथा सुरक्षा , सरसफाई खानेपानी, विद्युत लगातयका कार्यहरुमा आवश्यक पर्ने जनशक्ति सेवा करारमा लिई काममा लगाउने निर्णय गरियो ।

निर्णय नं २१ - नगरपालिकाको महत्वपूर्ण निर्णहरु, विकास गतिविधिहरु लगायत सम्पूर्ण गतिविधिहरुका वारेमा सरोकारवालाहरु सवैलाई सुसुचित गराउन पुस्तक वुलेटिन प्रकाशन तथा स्थानिय रेडियोहरुवाट प्रत्यक्ष प्रसारणको ब्यवस्था मिलाई नगरका गतिविधिहरु नगरवासीलाई जानकारी गराउने कार्य मासिक रुपमा संचालन प्रकासन गराउने निर्णय भयो ।

निर्णय नं २२ - हरिपुर नगरपालिकाको हितको लागि विभिन्न विषयमा समय समयमा वस्ने वडा समितिको वैठक, राजस्व परामर्श समिति, विषयगत समिति, कार्यपालिका बैठक लगायतका वैठकमा सहभागिता वापत पदाधिकारी तथा सचिव र सहजिकरणमा खटिएका कर्मचारी लाइ वैठकमा भत्ता प्रतिदिन प्रतिब्यक्ति रु १०००। (करसहित ) र नगर शभाको सहभागी तथा सचिव र सहजिकरणमा खटिएका कर्मचारीलाइ रु. १५०० (कर सहित) का दरले दिने निर्णय गरियो ।

निर्णय नं २३ - हरिपुर नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई आ.व. ०७४।०७५ मा भूक्तानि गर्नुपर्ने तलव तथा ग्रेड एकीन गरी तयार भएको तलवी प्रतिवेदन अनुमोदका लागि पेश हुन आएको हुंदा सो तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं २४ - नगरपालिकाका स्थायी कर्मचारीहरुलाई जिवन विमा प्रिमियम सूविधा वापत विमा प्रिमियम तिरेको विल पेश गरेमा अधिकतम वार्षिक रु ५०००। सम्मको रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं २५ - ईन्धन खर्चका सन्दर्भमा कार्यालयका मोटर गाडिका लागि आवश्यकता अनुसार ईन्धन उपलब्ध गराईने छ । कार्यालयको कर्मचारीको प्रयोगमा रहेका सरकारी एवं तोकिएका निजी मोटर साईकलहरुमा कामको प्रकृति हेरी नगर प्रमुख र प्रमुख प्रसाशकिय अधिकृतले आवश्यकतानुसार ईन्धन उपलब्ध गराउन सक्ने निर्णय गरियो ।

निर्णय नं २६ - टेलिफोन मोवाईल महसुलका सन्र्दभमा कार्यालय प्रयोजनको लागि प्रयोग भएको टेलिफोनको प्रमुख, उप-प्रमुख, वडा अध्यक्ष र कार्यालय प्रमुखको टेलिफोन महसुल विल अनुसार कार्यालयवाट भूक्तानि गर्ने र प्रत्येक वडाध्यक्षहरुलाइ पोस्पेड सिम सहित मासिक रु. ५००।- भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं २७- कर्मचारीको पोशाकका सन्दर्भमा करार तर्फका कर्मचारीहरुलाई कार्यालयको तर्फवाट उपयूक्त पोशाक खरिद गरि दिईने छ । अन्य स्थाइ कर्मचारीहरुलाई पोशाक बापत नेपाल सरकारले तोके वमोजिमको दरमा रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं २८- यस नगरपालिकाले लगाउने कर, दस्तुर र शुल्कका सम्वन्धमा चालु आ.व. ०७४।०७५ को दरहरु राजस्व परामर्श समतिवाट सिफारिस पेश भइ आएकोमा सोही बमोजिम लागु गर्ने गरी निर्णय गरियो ।

निर्णय नं २९- हरिपुर नगरपालिकाको विकास निर्माण गर्नकालागि हाल सम्म प्राप्त अख्तियारी बाहेकको अन्य श्रोतबाट आम्दानी प्राप्तहुंदा यस नगरसभामा पेशभएका जगेडाकोषबाट संचालन गर्ने भनि तोकिएका योजनालाइ कार्यपालिकाको निर्णय बमोजिम प्राथमिकतामा राखी संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ३०- सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तरको सुधार गर्न तथा विद्यालयमा बालविकास कक्षा देखी नै अंग्रेजी माध्यमबाट शैक्षिक कार्यक्रम संचालन गर्न आवशयक बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ३१- लेखा ब्यवस्थापन र घटना दर्ता तथा सामाजिक सुरक्षा भत्तालाइ अन-लाइन गर्न सवै वडामा कम्प्यूटर, प्रिन्टर र सफ्वएरको ब्यवस्थागर्ने निर्णय गरियो ।

निर्णय नं ३२- नगरपालिकाको समग्र विकास एवं समानुपातिक विकास गर्न पंच बर्षिय योजना बनाइ लागु गर्न कार्यपालिकालाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ३३- सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको नाम नामेसी Online गरेबापत पंजिकरण विभागले तोकेबमोजिम प्रति लाभग्राही इन्ट्री रु. ९।- को दरले भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ३४-नगरपालिका क्षेत्र भित्र रहेका सरकारी पर्ती जग्गाहरु मा घरबनाइ बसेका र भोगचलन गर्ने तथा खेती किसानी गर्ने कृषक सँग प्रति कठ्ठा रु. २००।- बाहाल बिटौरी कर असुल गर्ने र साविकमा रुख विरुवा लगाइ हाल कटान गरि विक्री गर्दा विक्री मूल्यको ३० प्रतिशत रकम विक्रेता सँग असुल उपर गर्ने र जग्गा खालि गराउने निर्णय गरियो ।

निर्णय नं ३५- साविक लक्ष्मीपुर गाविसबाट नाला निर्माण योजनामा रु. ३०००००।- रकम विनियोजन भइ उपभोक्ता समितिले स्थान परिवर्तनगरि कार्य सम्पन्न गरेको आधारमा हाल सम्म भुक्तानी हुन नसकेको र उक्त गाविसको सम्पत्ति तथा दाइत्व यस नगरपालिकामा सरिआएकोले उक्त योजनामा भए गरेको काम प्राविधिक मूल्याँकन बमोजिम भूक्तानी तथा फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं ३६- साविक लक्ष्मीपुर गाविसबाट मेनसडक लक्ष्मीपुर ग्राभल योजना कार्यन्वयनको क्रममा अदालती मूद्धा परेर फरफारक बाँकी रहेको हुँदा अदालतको निर्णय तथा आदेश बमोजिम विनियोजन गरेको रकम/पेश्की  फरफारक तथा भूक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ३७- प्रथम नगरसभा सम्पन्न गर्न अहोरात्र खटिने कर्मचारीहरुलाई विहान, बेलुका तथा रात्रीको समयमा खटिए बापत खटिएको दिनको आधारमा प्रतिदिन खाइपाइ आएको तलबको आधारकम नगर शभा संचालन खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ३८- वडा भेला तथा जनस्तरबाट माग भइ आएका योजनाहरु मध्ये नगरपालिकाको आफ्नै श्रोत तथा साधनबाट कार्यन्वयन हुन नसक्ने ठूला पूर्वाधारका योजनाहरु कार्यन्वयनकोलागि संघिय सरकार र प्रदेश सरकार सँग अनुरोध गर्ने निर्णय गरियो ।